मकवानपुरगढी गाउँपालिका
Makawanpurgadhi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
मक्रान्चुली, मकवानपुर
Makranchuli, Makawanpur

email: makawanpurgadhi.rmc@gmail.
Website: makawanpurgadhimun.gov.r
Contact no. : 9845461080 (Chairpers
Contact no.: 9855088966 (CAO)
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

पत्र संख्या (Ref. No.) : २०८३/०८४
चलानी नं. (Dispatch no.) :

मिति : २०८३/०५/०२
ने.सं. ११४६ गुँलाथ्व षष्ठी मंगलवार

## विज्ञप्ती

मकवानपुरगढी गाउँपालिकाको विकास, सेवा प्रवाह, बजेट तथा कार्यक्रमको कार्यान्वयन, पर्यटन प्रवर्द्धन, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको संरक्षण एवं सार्वजनिक स्रोतको प्रभावकारी उपयोगका सम्बन्धमा **विभिन्न राजनीतिक दलको प्रतिनिधित्व गर्दै गाउँपालिकाको कार्यालयमा भौतिक रूपमा उपस्थित भई सामूहिक रूपमा पेश गरिएको ध्यानाकर्षणपत्र**, साथै विभिन्न सञ्चारमाध्यम, सामाजिक सञ्जाल तथा खुला पत्रमार्फत उठाइएका प्रश्न, जिज्ञासा, सुझाव एवं आलोचनाप्रति गाउँपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ ।

स्थानीय सरकार नागरिकप्रति उत्तरदायी, पारदर्शी र जवाफदेही हुनुपर्ने लोकतान्त्रिक मान्यतालाई आत्मसात् गर्दै गाउँपालिकाले नागरिक, राजनीतिक दल, सञ्चारमाध्यम तथा सरोकारवाला पक्षबाट प्राप्त **रचनात्मक सुझाव, प्रश्न र आलोचनालाई सुधार तथा संस्थागत उत्तरदायित्व अभिवृद्धिको महत्वपूर्ण आधारका रूपमा ग्रहण गर्दछ।** सार्वजनिक निकायका कामकारबाहीबारे नागरिकले प्रश्न उठाउनु लोकतान्त्रिक अभ्यासको स्वाभाविक, सकारात्मक र सुन्दर पक्ष हो भन्ने गाउँपालिकाको स्पष्ट धारणा रहेको छ।

यसै सन्दर्भमा ध्यानाकर्षणपत्र, सञ्चारमाध्यम, सामाजिक सञ्जाल तथा खुला पत्रमार्फत उठाइएका विषयहरूका सम्बन्धमा **तथ्य, प्रचलित कानून, उपलब्ध अभिलेख तथा गाउँपालिकाको आधिकारिक दृष्टिकोणका आधारमा** बुँदागत रुपमा निम्नानुसार स्पष्ट पार्न चाहन्छौं।

१. चालु आर्थिक वर्ष २०८३/०८४ का लागि गाउँसभाबाट स्वीकृत नीति, कार्यक्रम तथा बजेट गाउँपालिकाको आवश्यकता, नागरिकका प्राथमिकता तथा उपलब्ध स्रोतलाई आधार बनाई तर्जुमा गरिएको हो।

   बजेटको सामाजिक विकास, पूर्वाधार, आर्थिक विकास तथा संस्थागत विकासलगायतका शीर्षकमा विनियोजित रकम सम्बन्धित क्षेत्रका विभिन्न कार्यक्रम तथा योजनामा खर्च हुने भएकाले कुनै एउटा उपशीर्षकको रकमलाई मात्र समग्र विकासको सूचकका रूपमा व्याख्या गर्नु उपयुक्त हुँदैन।

   यद्यपि, **बजेटको शीर्षकगत विनियोजन, योजना, खर्चको अवस्था तथा प्रगति विवरण नागरिकले सहज रूपमा बुझ्न सक्ने गरी सार्वजनिक गर्नुपर्ने आवश्यकता गाउँपालिका स्वीकार गर्दछ।** आगामी दिनमा यसलाई थप व्यवस्थित बनाइनेछ।

   साथै चालु आ.व. २०८३/०८४ को लागि स्वीकृत कार्यक्रम तथा बजेट यस गाउँपालिकाको आधिकारीक Website : https://makawanpurgadhimun.gov.np मा Upload गरिएको व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ।

मकवानपुरगढी गाउँपालिका

**Makawanpurgadhi Rural Municipality**

# गाउँ कार्यपालिकाको कार्यालय

**Office of Rural Municipal Executive**

मक्रान्चुली, मकवानपुर

Makranchuli, Makawanpur

email: makawanpurgadhi.rmc@gmail.
Website: makawanpurgadhimun.gov.r
Contact no. : 9845461080 (Chairpers
Contact no.: 9855088966 (CAO)
बागमती प्रदेश, नेपाल
Bagamati Province , Nepal

पत्र संख्या (Ref. No.) : २०८३/०८४

चलानी नं. (Dispatch no.) :

२. मकवानपुरगढी अस्पताल सञ्चालनका लागि आवश्यक जनशक्ति, उपकरण तथा पूर्वाधार व्यवस्थापनका सम्बन्धमा संघीय तथा प्रदेश सरकारसँग आवश्यक बजेट तथा जनशक्ति उपलब्ध गराउन अनुरोध गर्दै आएकोमा सोअनुसार आवश्यक स्रोत प्राप्त हुन नसकेको अवस्था रहेको छ।

अस्पताललाई क्रमशः सञ्चालनमा ल्याउने प्रयोजनका लागि गाउँपालिकाबाट देहायबमोजिम बजेट व्यवस्थापन गरिएको छ:

क) १ जना MBBS चिकित्सक तथा २ जना स्टाफ नर्स व्यवस्थापनका लागि प्रदेश सशर्त अनुदानतर्फ **रु. २०,००,०००/- (अक्षरेपी: बीस लाख रुपैयाँ मात्र)** ।
ख) अस्पताल भवन मर्मतका लागि **रु. ९,५०,०००/- (अक्षरेपीः नौ लाख पचास हजार रुपैयाँ मात्र)** ।
ग) अस्पतालसम्म पुग्ने सडक निर्माण तथा खोल्सी व्यवस्थापनका लागि **रु. २०,००,०००/- (अक्षरेपीः बीस लाख रुपैयाँ मात्र)** ।
घ) आवश्यक उपकरण तथा औजार व्यवस्थापनका लागि **रु. १०,००,०००/- (अक्षरेपीः दस लाख रुपैयाँ मात्र)** ।

आवश्यक जनशक्ति तथा स्रोत व्यवस्थापनका लागि सम्बन्धित संघीय तथा प्रदेश निकायसँग समन्वय गरी अस्पताल सञ्चालनलाई थप प्रभावकारी बनाउने प्रक्रिया अगाडि बढाइनेछ ।

३. मकवानपुरगढी गाउँपालिका-६, डुम्रेकुनामा निर्माणाधीन कोल्ड स्टोरको ठेक्का आह्वानका क्रममा देखिएको प्राविधिक विषयका सम्बन्धमा आवश्यक राय तथा सुझावका लागि **हेलो सरकार, सार्वजनिक खरिद अनुगमन कार्यालय तथा नेपाल उद्योग वाणिज्य महासंघ** लगायत सम्बन्धित निकायमा पत्राचार गरिएको छ।

कोल्ड स्टोर निर्माणका लागि चालु आर्थिक वर्षमा रु. १,२५,००,०००/- (अक्षरेपीः एक करोड पच्चीस लाख रुपैयाँ मात्र) बजेट विनियोजन गरिएको छ। प्राप्त राय, सुझाव तथा प्रचलित कानूनी एवं प्राविधिक प्रक्रिया पूरा गरी निर्माण कार्य अगाडि बढाइनेछ।

४. गाउँपालिकाअन्तर्गत स्थापना भएको दाना उद्योगलाई सञ्चालनमा ल्याउने सम्बन्धमा मकवानपुरगढी विशिष्टीकृत सहकारी संस्थामार्फत सञ्चालन गर्ने व्यवस्था गरिएको छ।

उक्त संस्था गाउँपालिकाभित्र सञ्चालित दुग्ध उत्पादक सहकारी संस्थाहरूको सहभागितामा गठन भएको र संस्थाको स्वीकृत विधानबमोजिम सञ्चालन प्रक्रिया अगाडि बढाइएको छ। उद्योग सञ्चालनका लागि सम्बन्धित संस्थासँग आवश्यक समन्वय तथा सहजीकरणको कार्य भइरहेको छ।

# मकवानपुरगढी गाउँपालिका
## Makawanpurgadhi Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive
मक्रान्चुली, मकवानपुर

Makrangchuli, Makawanpur

email: makawanpurgadhi.rmc@gmail.
Website: makawanpurgadhimun.gov.r
Contact no. : 9845461080 (Chairpers
Contact no.: 9855088966 (CAO)
बागमती प्रदेश, नेपाल
Bagamati Province , Nepal

पत्र संख्या (Ref. No.) : २०८३/०८४
चलानी नं. (Dispatch no.) :

---

५. गाउँपालिका केन्द्र तथा वडा केन्द्रलाई सडक सञ्जालमार्फत जोड्ने तथा क्रमशः सडक स्तरोन्नति गर्ने कार्यलाई प्राथमिकतामा राखी संघीय सरकार, प्रदेश सरकार तथा गाउँपालिकाको स्रोतबाट विभिन्न योजनाहरू सञ्चालन हुँदै आएका छन्।

संघीय सरकार, प्रदेश सरकार तथा गाउँपालिकाको स्रोतबाट हालसम्म विभिन्न सडकहरू निर्माण तथा स्तरोन्नति हुँदै आएका छन्। चालु आर्थिक वर्षमा समेत देहायका सडक तथा पूर्वाधारका लागि बजेट व्यवस्था गरिएको छः

क) शिखरकटेरी-मक्राञ्चुली सडक।
ख) लामीडाँडा-पिपलबोट सडक।
ग) पिपलबोट-मक्राञ्चुली सडक।
घ) सामरी पुल-मनकामना-मक्राञ्चुली सडक।
ङ) सुकौरा-बुढीचौर सडकअन्तर्गत खोटार खोलामा पुल।
च) बाँसपानी-गोठदमार पुल।
छ) वडा नं. १ जाने सडक।
ज) सोलिथुम दमार सडक।
झ) भालुखोला पानिघाट भञ्ज्याङ्ग सडक।

उल्लिखित योजनाहरूको आवश्यक प्रक्रिया पूरा गरी क्रमशः ठेक्का आह्वान तथा निर्माण प्रक्रिया अगाडि बढाइनेछ।

६. आर्थिक वर्ष २०८२/०८३ मा संघीय सशर्त अनुदानअन्तर्गत गाउँपालिकामा निर्माणाधीन ५/१०/१५ शैयाका अस्पतालका लागि मोबिलाइजेसन तथा सिर्जित दायित्व भुक्तानी प्रयोजनार्थ रु. ४,५३,००,०००/- (अक्षरेपी: चार करोड त्रिपन्न लाख रुपैयाँ मात्र) प्राप्त भएको थियो।

उक्त रकमबाट गाउँपालिकाले निर्माण व्यवसायीलाई भुक्तानी गर्नुपर्ने दायित्व नरहेको तथा नयाँ ठेक्का आह्वान गरी निर्माण कार्य अगाडि बढाउन सम्बन्धित निकायबाट आवश्यक सहमति प्राप्त नभएको अवस्थामा खर्च गर्न नमिल्ने भएकाले उक्त रकम संघीय सञ्चित कोषमा फिर्ता भएको व्यहोरा जानकारी गराइन्छ।

७. मकवानपुरगढी गाउँपालिकाले विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि तथा माध्यमिक शिक्षा परीक्षा (SEE) को नतिजा सुधारलाई प्राथमिकतामा राखी विभिन्न कार्यक्रम तथा गतिविधिहरू सञ्चालन गर्दै आएको छ।

विद्यालयको भौतिक पूर्वाधार सुधार तथा व्यवस्थापनका लागि संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय ... र सहकार्यमा आवश्यक कार्यक्रमहरू निरन्तर सञ्चालन तथा कार्यान्वयन हुँदै आएका छन्।

email: makawanpurgadhi.rmc@gmail.
Website: makawanpurgadhimun.gov.r
Contact no. : 9845461080 (Chairpers
Contact no.: 9855088966 (CAO)
बागमती प्रदेश, नेपाल
Bagamati Province , Nepal



पत्र संख्या (Ref. No.): २०८३/०८४
चलानी नं. (Dispatch no.):


त्यसैगरी, विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धि तथा शैक्षिक गुणस्तर सुधारका लागि उपचारात्मक शिक्षण, अतिरिक्त कक्षा सञ्चालन तथा विद्यार्थीको सिकाइ आवश्यकतामा आधारित शैक्षिक गतिविधिहरू सञ्चालन तथा निरन्तरता दिइँदै आएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

८. पशुपालक कृषकलाई सहज, नियमित र गुणस्तरीय पशु स्वास्थ्य सेवा उपलब्ध गराउनु गाउँपालिकाको जिम्मेवारी हो।

जनशक्ति, औषधि तथा उपकरणको उपलब्धतालाई व्यवस्थित गर्दै पशु सेवा केन्द्रलाई प्रभावकारी बनाउन आवश्यक पहल गरिनेछ। आवश्यक जनशक्ति व्यवस्थापनका लागि प्रदेश तथा संघीय निकायसँग समेत समन्वय गरिनेछ।

९. माटोको परीक्षणमार्फत कृषकलाई वैज्ञानिक कृषि उत्पादनमा सहयोग पुऱ्याउने उद्देश्यले स्थापना गरिएको प्रयोगशालालाई प्रभावकारी रूपमा सञ्चालन गर्नु गाउँपालिकाको प्राथमिकतामा रहेको छ।

प्रयोगशालाबाट भएका परीक्षण, सेवा प्रवाह तथा आगामी सञ्चालन योजनाको विवरणलाई व्यवस्थित रूपमा अभिलेखीकरण तथा सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ।

गाउँपालिकाले आगामी दिनमा समेत बजेट तथा कार्यक्रमको कार्यान्वयन, योजना प्रगति तथा सार्वजनिक स्रोतको उपयोगसम्बन्धी विवरणलाई प्रचलित कानूनबमोजिम थप व्यवस्थित र पारदर्शी रूपमा सार्वजनिक गर्ने प्रतिबद्धता व्यक्त गर्दछ।

अन्त्यमा, गाउँपालिकाका कामकारबाहीका सम्बन्धमा नागरिक, राजनीतिक दल, सञ्चारमाध्यम तथा सरोकारवाला पक्षबाट प्राप्त सुझाव तथा रचनात्मक आलोचनालाई गाउँपालिकाले सकारात्मक रूपमा ग्रहण गर्दछ। सार्वजनिक चासोका विषयमा तथ्यगत संवाद, पारदर्शिता र आपसी सहकार्यका माध्यमबाट समाधान खोज्दै स्थानीय सरकारलाई थप उत्तरदायी र प्रभावकारी बनाउने प्रतिबद्धता गाउँपालिकाको रहेको छ।

.........................
(दिपेश दहाल)
प्रवक्ता
मकवानपुरगढी गाउँपालिका